# दशरथचन्द नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ प्रथम संसोधन, २०७९ एवं मूलप्रवाहीकरण रणनीति, २०७९ कार्यान्वयनका लागि बृहत् कार्ययोजना, २०८२

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०८२/०३/०९

दशरथचन्द नगरपालिका, बैतडी ।
सूदुरपश्चिम प्रदेश, नेपाल

**दशरथचन्द नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ प्रथम संसोधन, २०७९ एवं मूलप्रवाहीकरण रणनीति, २०७९ कार्यान्वयनका लागि बृहत् कार्ययोजना, २०८२**

## परिचय

सुदूरपश्चिम प्रदेश बैतडी जिल्ला दशरथचन्द नगरपालिकामा २०७८/०८/२२ मा कार्यपालिकाबाट र मिति २०७८/०९/२८ मा नगरसभाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ स्वीकृत गरेकोमा सो नीतिलाई २०७९ मा आवश्यक परिमार्जन गरी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ प्रथम संसोधन २०७९ एवम् मूलप्रवाहीकरण रणनीत, २०७९ र कार्यान्वयनको लागि कार्ययोजनाको ढाँचा समावेश गरिएकोमा सो नीति तथा रणनीतिमा थप व्यवस्थाहरू सहित सो नीतिको कार्यान्वयनका लागि बृहत कार्ययोजना बनाउन वाञ्छनीय भएकोले दशरथचन्द नगरपालिकाको आयोजना र UNFPA एवम् न्याय तथा अधिकार संस्था नेपाल (Justice and Rights Institute - Nepal) को सहयोग र सहकार्यमा २०८१ फागुन २१ गतेका दिन नगरपालिकाको सभाहलमा परामर्श कार्यशालाको आयोजना गरी सो कार्यशालामा सहभागीहरूबाट प्राप्त राय सुझावका आधारमा यो **"दशरथचन्द नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ (प्रथम संसोधन, २०७९) एवम् मूलप्रवाहीकरण रणनीति,२०७९ कार्यान्वयनका लागि बृहत् कार्ययोजना"** निर्माण गरिएको छ।

## विधि

यो बृहत् कार्ययोजना निर्माणका लागि देहायका विधि अपनाइएको छः

- नीति दस्तावेजको अध्ययन गरिएको,
- एक दिने परामर्श कार्यशाला आयोजना गरी नीतिको महत्व र कार्ययोजना निर्माणको आवश्यकता सहित नीतिमा उल्लेख भएका मुख्य मुख्य बुँदाहरु बारे सहाभागीहरूको जानकारीका लागि प्रस्तुत गरिएको,
- नीति दस्तावेजमा रहेका रणनीति तथा कार्यनीतिहरू बारे कार्यशालामा प्रस्तुत गरिएको,
- प्रस्तुति पछि रणनीति/कार्यनीतिका आधारमा विषयगत रूपमा clustering गर्नुका साथै कार्ययोजनामा समेटिनु पर्ने कार्यक्रम/क्रियाकलापहरू बारे मुख्य जिम्मेवार र सहयोगी निकाय, समय सीमा, बजेट, मापनका सूचक र पुष्टयाईका आधार समेतको खाका/ढाँचा तयार पारी सहभागीहरूको सुझाव र पृष्ठपोषण प्राप्त गर्नका निम्ति सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी समूह कार्य गर्न लगाइएकोः
    - मूलप्रवाहीकरण (नीति, कानून, कार्यविधि, मापदण्ड, योजना, कार्यक्रम, बजेट आदिद्वारा सम्बोधन गर्ने विषयहरू),
    - सुशासन (नगरपालिका र अन्तर्गत लैससास उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने विषयहरू),

पुष्कर राज
नगर

- सशक्तिकरण (लैससास नीति अनुसार महिला लगायत नगरपालिकाले प्राथमिकतामा राखी ध्यान दिनुपर्ने महिला लगायत लक्षित वर्गलाई अवसर र लाभमा पँहुच दिई गर्नुपर्ने राजनीतिक, सामाजिक तथा आर्थिक सशक्तिकरण सम्बन्धी सवालहरू),
- निराकरण (सामाजिक तथा लैङ्गिक विभेद, शोषण र हिंसा एवं हानिकारक परम्पराको निरोध र पीडित/प्रभावितका लागि हेरचाह तथा संरक्षण सम्बन्धी कार्यक्रम)

- प्रत्येक समूहले तयार पारेको कार्यलाई प्लेनरीमा प्रस्तुत गर्न लगाई थप सुझाव संकलन गरिएको,
- परामर्श कार्यशालाबाट प्राप्त सुझावका आधारमा विस्तृत कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार पारिएको।
- सकेसम्म नगरपालिकाले पारित गरेको लैससास नीति दस्तावेजमा उल्लेख भएका नीति, रणनीति र कार्यनीति भित्र रही कार्यक्रम तथा क्रियाकलापहरू निर्धारण गरी समूह अभ्यास गरिएको।
- लैङ्गिक हिंसा निवारण तथा हानिकारक परम्परा निवारण लगायत केही सवालहरूका सम्बन्धमा नगरपालिकाको नीति दस्तावेजमा छुटेको देखिएकोले ती विषयहरू समेतलाई समेटी समूह कार्यद्वारा सुझाव संकलन गरी यस बृहत् कार्ययोजनामा समावेश गरिएको।

## सहभागीहरू

- नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू लगायत निर्वाचित जनप्रतिनिहरू,
- नगरपालिकाका शाखा प्रमुखहरू र अन्य कर्मचारीहरू,
- स्थानीय तहका साझेदार गैरसरकारी संस्थाका प्रतिनिधहरू,
- UNFPA, JuRi -Nepal का प्रतिनिधि लगायतका प्राविधिक टोली।

## थप अभ्यास

दशरथचन्द नगरपालिकाको लैससास नीतिमा समस्या, चुनौति र अवसरहरू बारे उल्लेख भएता पनि सरोकारवालाहरूको पहिचान र लक्षित वर्गको पहिचान गरिएको नदेखिएको हुँदा परामर्श कार्यशालामा देहाय अनुसार पहिचान गरिएको छ:

## सरोकारवाला पहिचान

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरू) | दोश्रो माध्यमबाट सम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरू) | अप्रत्यक्ष सम्पर्क हुनेहरू (तेश्रो नं का सरोकारवालाहरू) |
|---|---|---|
| महिला, बालबालिका तथा समाज कल्याण शाखा | स्थानीय तहमा कार्यरत अन्य सरकारी निकायहरू | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदुरपश्चिम प्रदेश |
| योजना शाखा | विकास साझेदारहरू | प्रदेश मन्त्रालयहरू सबै |
| शिक्षा, युवा तथा खेलकुद शाखा | सहकारी संस्थाहरू | प्रदेश योजना आयोग |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | |
|---|---|---|
| स्वास्थ्य शाखा | बैंक तथा वित्तिय संस्थाहरू | प्रदेश सुशासन केन्द्र |
| सहकारी विकास शाखा | उद्योगहरू | भूमि व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | बाल क्लबहरू | संघीय मन्त्रालयहरू |
| योजना तथा अनुगमन शाखा | आमा समूहहरू | राष्ट्रिय महिला आयोग |
| प्रशासन शाखा | ज्येष्ठ नागरिक मिलन केन्द्रहरू | दलित आयोग |
| कृषि विकास शाखा | विद्यालयहरू | मुस्लिम आयोग |
| पशु सेवा शाखा | गैर सरकारी संस्थाहरू | राष्ट्रिय योजना आयोग |
| सूचना प्रविधि शाखा | स्वयमसेवक समूहहरू | राष्ट्रिय मानव अधिकार आयोग |
| राजस्व शाखा | उद्योग वाणिज्य संघ | अन्तर्राष्ट्रिय दातृ निकायहरू |
| लेखा शाखा | राजनैतिक दलहरू | राष्ट्रिय स्तरका सञ्चार माध्यमहरू |
| न्यायिक समिति | सञ्चार माध्यमहरू | |
| स्थानीय विपद् व्यवस्थापन समिति | | |
| सबै वडा कार्यालय | | |
| नगरकार्यपालिका | | |
| नगर सभा | | |
| न्यायिक समिति | | |
| सबै विषयगत समितिहरू | | |

**लक्षित वर्ग पहिचान**

- विपन्न तथा एकल महिला लगायत महिलाहरू
- बालबालिका
- दलित
- आदिवासी जनजाति
- अल्पसंख्यक
- मजदुर
- अपाङ्गता भएका व्यक्ति
- द्वन्द्व पीडित
- विपन्न वर्ग
- सुकुम्वासी
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक
- लैङ्गिक हिंसा पीडित/प्रभावित
- मानव बेचबिखन पीडित/प्रभावित
- एच.आई.भी/एड्स प्रभावित

पुष्कर राज जोशी
नगर प्रमुख

CamScanner

## सुधार

दशरथचन्द नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ कार्यान्वयनका लागि यो बृहत् कार्ययोजनामा नीतिमा रहेका केही कमजोरीहरूलाई ध्यान दिई निम्न अनुसार सुधार गर्ने प्रयास गरिएको छः

- नीति, रणनीति तथा कार्यनीतिमा दोहरिएका बुँदाहरूलाई एकैठाउँमा समावेश गरी कार्यक्रम क्रियाकलापहरू राखिएको,
- नीति दस्तावेजमा छुटेका कुराहरू विशेष गरी हिंसा निवारण र पीडित/प्रभावितको संरक्षणको विषयलाई थप गरिएको,
- शुद्धाशुद्धिलाई सकेसम्म ध्यान दिइएको।

## सिफारिस

- आगामी आर्थिक वर्ष (आ.व. २०८२/०८३) देखि नै लागू हुने गरी दशरथचन्द नगरपालिकाले "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ कार्यान्वयन कार्ययोजना" लाई ग्रहण गर्न आवश्यक तयारी गर्ने।
- यस सिलसिलामा नगरपालिकामा यो मस्यौदा कार्ययोजनालाई सम्बन्धित पदाधिकारीहरूले यथाशीघ्र गहिरो अध्ययन गरी आवश्यक संसोधन सहित अन्तिम रूप दिई कार्यपालिका/नगरसभाद्वारा पारित गरी राजपत्रमा प्रकाशित. गर्ने।
- नगरपालिकाको नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि दस्तावेजमा उल्लेख भए अनुसार विभिन्न तहका समितिहरू तत्कालै गठन गर्ने।
- लैससास नीति तथा कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू बारे सरोकारवाला सबैलाई जानकारी गराउन अभिमूखीकरण गर्ने।

पुष्कर राज जोशी
नगर प्रमुख

दशरथचन्द नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ प्रथम संसोधन, २०७९ एवं मूलप्रवाहीकरण रणनीति, २०७९ कार्यान्वयनका लागि बृहत् कार्ययोजना २०८२

## १. लैससास मूलप्रवाहीकरण

नीतिः

- लैससासको अवधारणा हासिल गर्न नगरपालिकाको नीति कानून तथा मापदण्डहरूको समय समयमा पुनरावलोकन संसोधन गर्ने।

रणनीतिः

- आवधिक र बार्षिक योजनामा लैससासका मुद्दाहरू प्राथमिकिकरण गरी समावेश गर्ने।

उपर्युक्त नीति तथा रणनीतिका आधारमा देहाएअनुसारका कार्यक्रम/क्रियाकलापहरू कार्यान्वयन गरिने छ।

| क सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/बाह्य | विधि र मापनका सूचक | पुष्ट्याईंका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाले बनाएका सबै नीति, कानून, कार्यविधि तथा मापदण्डहरू लैससास मैत्री भए नभएको बारे विश्लेषण गरी व्यवहारिक ग्राय सुझाव पेश गर्न विज्ञ सहितको कार्य टोली निर्माण गर्ने। | • नगर कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • विधायन समिति<br>• नगरसभा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय | १ वर्ष | रु १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकाका विधमान नीति, कानून र कार्यविधिहरू बारे लैससासको दृष्टिकोणले पुनरावलोकन गरी सुझाव पेश गर्न विज्ञ सहितको कार्यदल गठन गरिएको हुने। | • कार्यपालिका, विधायन समिति र नगरसभाको निर्णय<br>• कार्यटोलीमा संलग्न सदस्यहरूको नामावली<br>• स्थानीय राजपत्र<br>• नगरपालिकाको वेभसाइट |
| २ | कार्य टोलीबाट प्राप्त सुझावका आधारमा विद्यमान नीति कानूनहरूलाई परिमार्जन गरी लैससास मैत्री बनाउने। | | | ६ महिना | | • लैससास मैत्रि नभएका नीति कानुन कार्यविधि र मापदण्डहरू संसोधन भएका हुनेछन<br>• राजपत्रमा प्रकाशन भएको हुनेछ | • संसोधित नीति<br>• कार्यपालिका बैठक प्रकाशित राजपत्र |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | नगरपालिकाद्वारा निर्माण गरिने नयाँ नीति, कानून, कार्यविधि तथा मापदण्डहरूमा मस्यौदा तर्जुमा अवस्था देखि नै लैससास दृष्टिकोणबाट समीक्षा र विश्लेषण गरी लैससास मैत्री बनाउने। | • नगर कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • विधायन समिति<br>• नगरसभा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • शुरुदेखिनै विषयगत शाखाका प्रमुखहरू तथा कार्यपालिकाको बैठकमा समीक्षा र विश्लेषण गरी नयाँ बन्ने नीति कानून दस्तावेजहरू लैससासका दृष्टिकोणले निर्माण भएको हुने। | • कार्यपालिका, विधायन समिति र नगरसभाको निर्णय<br>• स्थानीय राजपत्र<br>• नगरपालिकाको वेभसाइट |
| ४ | निर्माण भएका नीति, कानून, कार्यविधि तथा मापदण्डहरू बारे सरोकारवालाहरूलाई पर्याप्त जानकारी हुने गरी अभिमूखीकरण गर्ने। | | | ६ महिना | रु २ लाख (आन्तरिक/बाह्य) | • नीति, कानून, कार्यविधि तथा मापदण्डहरू बारे सरोकारवाला सबैलाई अभिमूखीकरण गरिको हुने। | • अभिमूखीकरणमा उपस्थित सहभागीको नामावली<br>• अभिमूखीकरण प्रतिवेदन<br>• फोटोहरु<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| ५ | नीति, कानून, कार्यविधि तथा मापदण्डहरूको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन अनुगमन गरी क्रमिक सुधार गर्ने व्यवस्था मिलाउने। | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत समिति<br>• सबै विषयगत शाखाहरु<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • नीति, कानून, कार्यविधि तथा मापदण्डहरूको कार्या[illegible]को अवस्था बारे निय[illegible]मा अनुगमन भए[illegible]। | • अनुगमन प्रतिवेदन<br>• सुधार गरिएको नीति, कानून, कार्यविधि<br>• नगरपालिकाको वेभसाइट |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | नगरपालिकामा सरोकारवाला सबैलाई सचेत बनाउन लैससास मूलप्रवाहीकरण बारे देहायका विषयहरू समेत समावेश गर्ने गरी तालिम पुस्तिका निर्माण गर्ने:<br>• लैससास सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरू,<br>• संघ तथा प्रदेश सरकारका लैससास सम्बन्धी नीति, रणनीति तथा कार्ययोजनाहरू,<br>• दिगो विकास लक्ष्य, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, वेइजिङ्ग कार्यमञ्च र जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन द्वारा व्यवस्था गरिएका प्रावधानहरू,<br>• नेपालले अनुमोदन गरेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, बाल अधिकार सम्बन्धी महासन्धी र अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरूका मुख्य मुख्य प्रावधानहरू। | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | १ बर्ष | रू २ लाख | • लैससासका प्रावधानहरू बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, दस्तावेजहरू लगायत विधि प्रक्रिया बारे सरल भाषामा प्रशिक्षण पुस्तिका निर्माण भएको हुने। | • प्रशिक्षण पुस्तिका |
| ७ | नगरपालिकामा नयाँ निर्वाचित भएर आउने जनप्रतिनिधिहरू, जनशक्ति तथा अन्य | • लैससास कार्यान्वयन तथा अनुगमन समिति | • लैससास कार्यान्वयन उप-समिति | निरन्तर | प्रति वर्ष रू ३ लाख (आन्तरिक/वाह्य) | • लैससास प्रशिक्षण/अभिमूखीकरण दिने विज्ञ तथा | • निर्णय पुस्तिका<br>• प्रशिक्षण, अभिमूखीकरण र |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संरोकारवालाहरूलाई लक्षित गरी लैससास बारे तालिम तथा अभिमूखिकरणको कार्यक्रमलाई अभिन्न बनाउने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | | | प्रशिक्षकहरू उत्पादन भएको हुने।<br>• नयाँ निर्वाचित तथा नियुक्त जनप्रतिनिधि र कर्मचारीहरूले लैससास सम्बन्धी प्रशिक्षण र अभिमूखीकरण प्राप्त गरेको हुने।<br>• पुराना जनशक्तिले पुनरताजगी तालिम प्राप्त गरेको हुने। | पुनरताजगी तालिम प्राप्त गर्ने<br>सहभागीहरूको विवरण<br>• कार्यक्रमको फोटो<br>• नगरपालिकाको वेभसाइट |
| ८ | लैससास विज्ञ टोली र प्रशिक्षकहरू तयार पारी प्रशिक्षणमा परिचालन गर्ने। | | | | | | |

## २. लैससास उत्तरदायी शासन

नीतिः

- स्थानीय सरोकारवाला संघसंस्था, गैसस, निजी क्षेत्रसँग साझेदारी, सहकार्य र समन्वय गर्ने।
- लैससास मैत्री कार्यक्रमको लागि प्राथमिकताको आधारमा नगरपालिकामा बजेटको सुनिश्चितता गर्ने।
- नगरपालिकाका कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी बनाउने।
- लैससास अवधारणलाई संस्थागत गर्दै संयन्त्रलाई दिगोपना प्रदान गर्नु।

रणनीतिः

- लैंससास सम्बन्धी प्रचारप्रसार सामग्रीहरूको अधिकतम प्रयोग गर्ने र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

कार्यनीतिः

- आवश्यक बजेटको व्यवस्थापन गरी लक्षित वर्गको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।
- डूईङ डिजाइन तयार गरी संरचना निर्माणको कार्य सञ्चालन गरिने छ।
- नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयबस्तुको जानकारी गराई लक्षित समुदाय सम्म पुर्न्याउन सूचना प्रसारण तथा प्रकाशित गरिने छ।

उपर्युक्त नीति तथा रणनीतिका आधारमा देहायअनुसारका कार्यक्रम/क्रियाकलापहरू कार्यान्वयन गरिने छ।

नगर प्रमुख

| क सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/बाह्य | मापनका सूचक | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | आवधिक योजना, वार्षिक योजना तथा विपद व्यवस्थापन योजना/कार्यक्रमहरू लैससास दृष्टिकोणले तर्जुमा गर्ने। | • नगर कार्यपालिका<br>• योजना तथा अनुगमन शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखाहरू<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | • निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • आवधिक योजना, वार्षिक योजना तथा विपद व्यवस्थापन योजना/कार्यक्रमहरू लैससास दृष्टकोणल अवलम्बन गरिएको हुने। | • निर्णय पुस्तिका<br>• नगरपालिकाको वेभसाइट |
| २ | वार्षिक बजेट प्रणालीमा लैङ्गिक बजेटको सिद्धान्तको परिपालना गर्ने। | • योजना तथा अनुगमन शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• नगरसभा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै वजेट आवश्यक नहुने | • अर्थ मन्त्रालयको निर्देशिका वमोजिम लैङ्गिक उत्तरदायी वजेट तर्जुमा भई कार्यान्वयन भएको हुने। | • निर्णय पुस्तिका<br>• नीति कार्यक्रम र वजेट वक्तव्य<br>• रातो किताव<br>• नगरपालिकाको वेभसाइट |
| ३ | महिला तथा लक्षित वर्गका लागि बजेट निर्धारण गर्दा सुत्रअनुसार र आवश्यकता अनुसार प्रत्येक वर्ष क्रमिक रूपमा वृद्धि हुनेगरी निश्चित प्रतिशत बजेट विनियोजन गर्ने। | | | | | • प्रत्येक वर्ष चालु आ.व. लाई आधार मानी आगामी आ.व. मा लैङ्गिक उत्तरदायी निर्दिष्ट वजेट १० प्रतिशतका दरले बृद्धि भएको हुने। | |
| ४ | नगरपालिकाका वार्षिक कार्यक्रम तथा वजेट वारे प्रत्येक वर्ष लैससास परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने। | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• योजना तथा अनुगमन शाखा<br>• आर्थिक प्रशासन शाखा | • नगरसभा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• सञ्चार माध्यम<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रू ५ लाख (आन्तरिक/वाह्य) | • आम नागरिकको चासो र सवालको सम्बोधन भएको हुने।<br>• आगामी वर्षको नीति कार्यक्रमहरूमा प्राप्त सुझावका आधारमा सुधार भएको हुने। | • भेलाको उपस्थिती<br>• प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | नगरपालिकामा हुने नयाँ नियुक्तिहरूमा महिला तथा लक्षित वर्गका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरी आरक्षणको व्यवस्था मिलाउने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • संघ र प्रदेशको नीतिलाई अवलम्बन गर्दै नगरपालिकाद्वारा ऐन नियम र निर्देशिकाको व्यवस्था गरी आरक्षण मार्फत महिला तथा लक्षित वर्गलाई नियुक्ति प्रदान गरिएको हुने। | • निर्णय पुस्तिका<br>• जनशक्तिमा विविधता |
| ६ | नगरपालिका अन्तर्गत सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा समेत महिला तथा लक्षित वर्गका लागि सकारात्मक विभेदको नीति अपनाई आरक्षणको व्यवस्था मिलाउन प्रोत्साहन गर्ने। | | | | | • नगरपालिकाद्वारा सकारात्मक विभेदको नीति अपनाई महिला तथा लक्षित वर्गको आरक्षण गर्ने सार्वजनिक तथा निजी क्षेत्रलाई कदरपत्र प्रदान गरेको हुने। | • आरक्षण दिने निकाय तथा संस्थाहरूको नामावली<br>• कदर पत्र<br>• मिडिया रिपोर्टिङ |
| ७ | नगरपालिका र अन्तर्गत कार्यालयहरू, विद्यालयहरू तथा समुदायमा समेत लैससास मैत्री तथा सम्मानजनक बोली व्यवहार प्रवर्द्धन गर्न पैरवीकर्ताहरुको परिचालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• शिक्षा, युवा तथा खेलकुद शाखा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• विद्यालय र समुदाय<br>• स्थानीय संघसंस्था,<br>• स्वास्थ्य संस्था | निरन्तर | प्रति वडा प्रति वर्ष रू ५० हजार (आन्तरिक/वाह्य) | • पैरवीकर्ताहरूको छनौट भई अभिमूखीकरण र परिचालन भएको हुने।<br>• सम्मानजनक बोली व्यवहार बारे लिफ्लेट तयार भएको हुने।<br>• समुदायको बोलीचालीमा सुधार आएको हुने। | • लिफ्लेट/पर्चा<br>• पैरवीकर्ताहरूको सूची<br>• मिडिया रिपोर्टिङ |

नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • गैसस<br>• विकास साझेदार | | | | |
| ८ | नगरपालिकाद्वारा सम्पादन हुने सम्पूर्ण कार्यक्रमहरूका बारे तथ्याङ्क सङ्कलन गर्दा लैससासका दृष्टिले खण्डिकृत रूपमा राख्ने गरी नमुनाहरूको निर्माण गर्ने। | • सूचना प्रविधि शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै वडा कार्यालय<br>• सबै विषयगत शाखा<br>• संघीय मन्त्रालय (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष ५ लाख (आन्तरिक/बाह्य) | • सङ्कलित तथ्याङ्कहरू खण्डिकृत रूपमा राखि विश्लेषण गरिएको हुने। | • सफ्टवेयर<br>• सङ्कलित तथ्याङ्क<br>• प्रतिवेदन |
| ९ | सामाजिक सूचना व्यवस्थापन प्रणालीको स्थानीयकरण गरिने सिलसिलामा नगरपालिकाको सूचना तथा तथ्याङ्क प्रणालीलाई सोही अनुसार एकीकृत गरी व्यवस्थित बनाउने। | | | | | • संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा तयार पारिएको सामाजिक सूचना व्यवस्थापन प्रणालीलाई स्थानीयकरण गरी व्यवहारमा प्रयोग भएको हुने। | |
| १० | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई लैससास सम्पर्क विन्दूका रुपमा कार्यशर्तनामा सहित जिम्मेवारी प्रदान गर्ने। | • प्रमुख प्रशासकीय अधिकृत | • लैससास निर्देशक समिति<br>• सबै विषयगत शाखा | ३ महिना | छुट्टै वजेट आवश्यक नहुने | • महिला, बालबालिका तथा समाज कल्याण शाखालाई लैससास सम्पर्क विन्दूका रुपमा कार्य गर्ने गरी कार्यशर्तनामा तयार भई कार्यसम्पादन करार सम्पन्न भएको हुने। | • निर्णय पुस्तिका<br>• कार्यशर्तनामा<br>• कार्यसम्पादन करार |

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गडी सेलमा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा दक्ष कर्मचारीको व्यवस्था गर्ने। | • प्रमुख प्रशासकीय अधिकृत | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा | ३ महिना | छुट्टै बजेट आवश्यक नहुने | • नगरपालिका कार्यालयभित्रै कार्यरत २-३ जना विषय विज्ञ कर्मचारीलाई महिला, बालबालिका तथा समाज कल्याण शाखामा कामकाज गर्न तोकिएको हुने। | • निर्णय पुस्तिका<br>• जिम्मेवारी तोकिएको पत्र |
| १२ | नगरपालिका स्तरमा लैससास नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगर प्रमुखको संयोजकत्वमा लैससास कार्यान्वयन तथा अनुगमन समिति गठन गर्ने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत | • नगरप्रमुख<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• सबै विषयगत शाखा | ३ महिना | प्रतिवर्ष रू ५० हजार | • नगरप्रमुखको संयोजकत्वमा लैससास निर्देशक समिति गठन भएको हुने। | • कार्यपालिकाको निर्णय पुस्तिका<br>• कार्यान्वयन तथा अनुगमन समितिमा छनौट भएका सदस्यहरुको नामावली<br>• नगरपालिकाको वेभसाइट |
| १३ | वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा लैससास कार्यान्वयन उप-समिति गठन गर्ने। | • नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• सबै वडा समिति | • नगरप्रमुख<br>• सबै वडा कार्यालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक<br>• सबै विषयगत शाखा | ६ महिना | प्रति वडा प्रति वर्ष रू २५ हजार (आन्तरिक/वाह्य) | • वडा अध्यक्षको संयोजकत्वमा सबै वडाहरूमा वडा स्तरीय लैससास कार्यान्वयन उप-समिति गठन भएको हुने। | • नगर कार्यपालिकाको निर्णय पुस्तिका<br>• उप-समितिमा छनौट भएका सदस्यहरुको नामावली<br>• नगरपालिकाको वेभसाइट |
| १४ | लैससास बारे नगरपालिकामा आन्तरिक तथा वाह्य तवरमा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति | • प्रमुख प्रशासकीय अधिकृत | ३ महिना | प्रतिवर्ष रु २ लाख | • नगरपालिकामा लैससास विज्ञहरू सम्मिलित | • निर्णय पुस्तिका |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपलब्ध विज्ञहरूको पहिचान गरी कार्यशर्तनामा सहित चुस्त कार्यदल गठन गर्ने। | लैससास कार्यान्वयन उप-समिति<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदारहरू | | | कार्यदल गठन भएको हुने।<br>• कार्यदलको कार्यशर्तनामा तयार भई सोही अनुसार परिचालन भएको हुने। | • कार्यदलमा सम्मिलित विज्ञहरूको सूची<br>• परिचालित विज्ञहरूको विवरण<br>• कार्यशर्तनामा |
| १५ | नगरपालिकाद्वारा आयोजना हुने लैससास प्रशिक्षण तथा विश्लेषण सम्बन्धी कार्यक्रमहरूमा आवश्यकताअनुसार विज्ञहरूको सहयोग र परामर्श लिने। | | | निरन्तर | | | |
| १६ | नगरपालिका अन्तर्गत नयाँ निर्माण हुने भौतिक संरचनाहरूलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिक मैत्री बनाउने। | • भौतिक पूर्वाधार विकास शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय | • लैससास कार्यान्वयन तथा अनुगमन समिति लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • नयाँ भौतिक संरचना निर्माण गर्दा लैङ्गिक मैत्री, बाल मैत्री, अपाङ्गता मैत्री र ज्येष्ठ नागरिक मैत्री डिजाइन सम्बन्धी तोकिएका मापदण्ड पुरा भएको हुने। | • भवन लगायतका भौतिक संरचनाहरूको नक्सा, डिजाईन र फोटो<br>• जाँचपास/निर्माण संम्पन्न प्रमाणपत्र<br>• अनुगमन/निरीक्षण प्रतिवेदन |
| १७ | नगरपालिका अन्तर्गत पुराना संरचनाहरूलाई सम्भव भएसम्म लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिक मैत्री हुने गरी सुधार गर्ने। | | | | प्रति वर्ष रु ५ लाख (आन्तरिक/वाह्य) | • नगरपालिका अन्तर्गतका विद्यमान भौतिक संरचनाहरू लैससास मैत्री हुने गरी क्रमशः सुधार भएको हुने। | • संरचनाहरूको नक्सा, डिजाईन र फोटो<br>• अनुगमन/निरीक्षण प्रतिवेदन |

## ३. लक्षित वर्गको सहभागिता र सशक्तिकरण

नीतिः

- योजना निर्माणमा सबै वर्गको सहभागिता अभिवृद्धिको सुनिश्चितता गर्ने।
- सशक्तिकरण सम्बन्धी सीपको अभिवृद्धि गर्ने।

पुष्कर राज जोशी
नगर प्रमुख

- नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने।
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी, संघसंस्थाहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने।
- लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चित गर्ने।

रणनीतिः
- नगरपालिकाको हरेक कार्यक्रममा लक्षित वर्गको सहभागितामा जोड दिने।
- नगरपालिकाको योजना तर्जुमाको लागि सहभागितात्मक नीति र कार्यविधि तर्जुमा गर्ने।
- नगरपालिकाको योजना तर्जुमा पक्रिया लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने।

कार्यनीतिः
- सांमग्री निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी लक्षित वर्ग पहिचान गरिने छ।
- मागमा आधारित सीप विकासको लागि आवश्यक तालिम सञ्चालन गरिने छ।
- स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तर बाट नै लक्षित वर्गको पहिचान गरी अर्थपूर्ण सहभागिता गराइने छ।
- नगरपालिकाले प्राथमिकीकरणको आधारमा लक्षित वर्गको लागि आवश्यक बजेट बिनियोजन गरी आयआर्जन तथा मागमा आधारित सीपको विकास गर्न तालिम सञ्चालन गरी दक्षता अभिवृद्धि गरिने छ।
- नगरपालिका, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न समूह, समिति, सहकारी तथा सञ्जालमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत एवम् पछाडी परेका वर्ग समुदायको अर्थपूण सहभागिताको सुनिश्चितता गरिने छ।

उपर्युक्त नीति तथा रणनीतिका आधारमा देहाएअनुसारका कार्यक्रम/क्रियाकलापहरू कार्यान्वयन गरिने छ।

| क. सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/बाह्य | विधि र मापनका सूचक | पुष्टयाईका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | योजना/परियोजना चक्रमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने। | • योजना तथा अनुगमन शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• टोल विकास संस्था | निरन्तर | छुट्टै बजेट आवश्यक नहुने | • योजना तथा परियोजना चक्रमा विभिन्न सरोकारवालाहरूको सहयोगमा महिला लगायत लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुने। | • निर्णय पुस्तिका<br>• नगरपालिकाको वेभसाइट |
| २ | उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति, टोल विकास | • नगर कार्यपालिका | • लैससास कार्यान्वयन तथा | १ वर्ष | रु १० हजार (आन्तरिक/बाह्य) | • नगरपालिका अन्तर्गत समुदायस्तरीय समूह, | • निर्णय पुस्तिका |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समिति आदिमा महिला- पुरुषको सहभागिता ५०:५० पुर्याउने लक्ष्यले मापदण्ड तय गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | अनुगमन समिति लैससास<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | | | समिति, संस्थाको गठनमा महिला, पुरुषको सहभागिता सन् २०३० सम्म ५०:५० पुर्याउने गरी मापदण्ड तयार भई लागू भएको हुनेछ। | • तयार भएको मापदण्ड<br>• समूह, समिति, संस्थामा संलग्न पदाधिकारीहरूको नामावली<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |
| ३ | समूह/समितिको गठनमा सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अन्तरविभाजकता (intersectionality) को दृष्टिकोण अपनाई आरक्षणको व्यवस्था गर्ने। | • नगर कार्यपालिका<br>• सबै विषयगत शाखा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति लैससास<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेटको आवश्यक नपर्ने | • नगरपालिका अन्तर्गत समुदायस्तरमा गठन हुने समूह, समिति र संस्थामा महिला तथा लक्षित वर्गको संलग्नतालाई अन्तरविभाजकताको दृष्टिले हेरी अर्थपूर्ण रूपमा सहभागी गराइएको हुने। | • निर्णय पुस्तिका<br>• समितिहरूमा सहभागीहरूको नामावली<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |
| ४ | समूह/समितिको निर्णायक तहमा आलोपालोको व्यवस्था गर्ने। | • नगर कार्यपालिका<br>• सबै वडा कार्यालय<br>• सबै विषयगत समिति | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | छुट्टै बजेटको आवश्यक नपर्ने | • नगरपालिका क्षेत्रमा समूह/समितिको निर्णाय गर्ने मुख्य मुख्य पदहरूमा महिला र पुरुषको सहभागिता सुनिश्चित भएको हुने। | • सहभागी महिला र पुरूषको नामावली<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... बैतडी ... नेपाल

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | महिला लगायत लक्षित वर्गका लागि निरन्तर रूपमा राजनीतिक नेतृत्व क्षमता विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • वडा कार्यालय<br>• सघं सस्था<br>• न्यायिक समिति | निरन्तर | रु ११ लाख (आन्तरिक/वाह्य) | • प्रत्येक वडाहरुमा महिला लगायत लक्षित वर्गका लागि निरन्तर क्षमता विकास सम्वन्धि तालिम सञ्चालन भएको हुनेछ। | तालिम सञ्चालनका माईन्युट तथा निर्णय । |
| ६ | नेतृत्व तहका पदाधिकारीहरुलाई लक्षित गरी लैङ्गिक रुपान्तरण सम्बन्धी प्रशिक्षण र अभिमूखीकरण कार्यक्रमहरु निरन्तर रूपमा आयोजना गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु १ लाख (आन्तरिक/वाह्य) | • नेतृत्व तहमा रहेका महिला लगायत लक्षित वर्गलाई लैङ्गिक रूपान्तरण सम्बन्धी अभिमूखीकरण कार्यक्रमको माध्यमद्वारा ज्ञान सीप अभिवृद्धि भएको हुने। | • तालिम कार्यक्रममा सहभागीको नामावली<br>• तालिम प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• नगरपालिकाको वेभसाइट |
| ७ | गाउँ/टोलमा सामाजिक तथा आर्थिक परिचालनका लागि समूह गठन गर्दा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक लगायत समुदायका सबै जातजातीबाट समानुपातिक तवरले प्रतिनिधित्व हुने गरी समूहहरूको निर्माण गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • वडा कार्यालय<br>• विषयगत शाखाहरु<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | रु ५ लाख (आन्तरिक/वाह्य) | • समुदायका सबै जातजातीबाट समानुपातिक तवरले समूह गठन भएको हुनेछ। | • समूह गठनको माईन्युट तथा प्रतिवेदन। |
| ८ | गठन भएका समूहलाई निरन्तर रूपमा सामाजिक परिचालन, नेतृत्व सीप, सम विकास लगायतका तालिम कार्यक्रमहरू आयोजना गरी सशक्तिकरण गर्ने। | • विषयगत शाखा | • वडा कार्यालयहरु<br>• गैसस | निरन्तर | रु ५ लाख (आन्तरिक/वाह्य) | • गठन भएका लक्षित समूहलाई सहभागिहरुलाई सामाजिक परिचालन, नेतृत्व सीप, सम विकास लगायतका तालिम | • तालिम सम्पन्न प्रतिवेदन |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमहरू सञ्चालन भएको हुने।<br>• आय आर्जनमा सहयोग भएको हने। | |
| ९ | वडाहरूमा गठन भएका सहकारी संस्थाहरू मार्फत महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तिकरण गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति वर्ष रू १ लाख (आन्तरिक/वाह्य) | • वडा र टोलमा गठन भएका समूहलाई लक्षित गरी निरन्तर रूपमा सामाजिक परिचालन, नेतृत्व सीप, सम विकास लगायतका तालिम कार्यक्रम सम्पन्न भएको हुने। | • रातो किताव<br>• तालिममा सहभागीहरूको नामावली<br>• तालिम प्रतिवेदन |
| १० | विगतमा समुदायमा महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित समूह, समिति र सहकारीहरूलाई पुनरताजगी तालिम प्रदान गरी लैङ्गिक समानता तथा महिला सशक्तिकरणको अभियानलाई निरन्तरता दिने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | रु २ लाख (आन्तरिक/वाह्य) | • समुदायमा गठित महिला विकास समूह, समिति र सहकारीहरूलाई पुनरताजगी तालिम प्रदान भएको हुनेछ। | • कार्यक्रम सम्पन्न माईनट तथा प्रतिवेदन। |
| ११ | व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीमा महिला सहभागिता अभिवृद्धि गर्ने। | • रोजगार शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय | | रु ७ लाख (आन्तरिक/वाह्य) | • व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीमा महिला सहभागिता हुने गरि रोजगारीका | • कार्यक्रम सम्पन्न प्रतिवेदन। |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • गैसस<br>• विकास साझेदार | | | कार्यक्रम सम्पन्न भएको हुने। | |
| १२ | परम्परागत लैङ्गिक भूमिका परिवर्तनका लागि निरन्तर रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | • नगर कार्यपालिका | • वडा कार्यालय<br>• सघं सस्था हरु | | ५ लाख ५० हजार | • परम्परागत लैङ्गिक भूमिका परिवर्तनका लागि प्रत्येक वडामा कार्यक्रमहरू सञ्चालन भएको हुने। | • कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| १३ | घरेलु काम र हेरचाह सेवा लगायत अनौपचारिक क्षेत्रमा महिलाको योगदानको आर्थिक मूल्याङ्कन गर्ने। | • नगरपालिका<br>• वडा कार्यालय | • सम्वन्धित महिलाको घर परिवार | निरन्तर | | • घरेलु काम र हेरचाह सेवा लगायत अनौपचारिक क्षेत्रमा महिलाको योगदानको कदर तथा मुल्याकंन भएको हुने। | • व्यवहारमा भएको परिवर्तन। |
| १४ | नगरपालिका अन्तर्गत भौतिक संरचनाहरूमा लैङ्गिक मैत्री, अपाङ्गता मैत्री पूर्वाधारहरूको क्रमिका रूपमा निर्माण गर्दै लैजाने। | • नगर कार्यपालिका<br>• भौतिकं पूर्वाधार शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | पूर्वाधार निर्माणको आवश्यकता अनुसार | • नगरपालिका अन्तर्गत भौतिक संरचनाहरूमा लैङ्गिक मैत्री, अपाङ्गता मैत्री पूर्वाधारहरूको क्रमिका रूपमा निर्माण भएको हुनेछ। | • निर्माणाधित पूर्वाधार आयोजनाहरू। |
| १५ | महिला उधमशीलता विकासका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | • महिला विकास शाखा<br>• लघु उद्योग विकास शाखा | • न पा<br>• वडा कार्यालय<br>• घरेलु उद्योग | १ बर्ष | रु ५ लाख (आन्तरिक/वाह्य) | • सबै वडामा महिला उद्यमशीलता विकासका लागि प्रशिक्षण कार्यक्रम तथा सिपमुलक तालिम सञ्चालन गरि उध्यमि उत्पादन भएको हुनेछ। | • व्यवसाय सञ्चालन<br>• तालिम प्रतिवेदन<br>• सफलथाका कथा। |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | व्यवसायिक कृषि बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवं सीप विकासमा महिला लगायत लक्षित वर्गको पहुँच वृद्धि हुने गरी कार्यक्रमहरू सञ्चालन गर्ने। | • कृषि विकास शाखा<br>• पशु सेवा शाखा | • कृषि ज्ञान केन्द्र<br>• वडा कार्यालय<br>• सबै विषयगत शाखा | निरन्तर | प्रति वर्ष रु ५ लाख (आन्तरिक/वाह्य) | • व्यवसायिक कृषि बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवं सीप विकासमा महिला लगायत लक्षित वर्गको पहुँच वृद्धि कृषि सम्वन्धी विभिन्न तालिम तथा विउ विजन वितरणका कार्यर्क्रम भएको हुनेछ। | • उत्पादन<br>• आर्थिक सुधार |
| १७ | पर्यटन व्यवसाय, अतिथि सत्कार, परम्परागत घरेलु उद्यमको क्षेत्रमा महिला लगायत लक्षित वर्गको पहुँच वृद्धि हुने अवसरहरू सिर्जना गर्ने। | • लघु उद्योग विकास शाखा | • जिल्ला घरेलु उद्योग कार्यालय<br>• रोजगार सेवा केन्द्र<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु १ लाख (आन्तरिक/वाह्य) | • नगरपालिका क्षेत्रमा होटल व्यवसाय, परम्परागत राडी पाखी बुन्ने उद्योग आदिमा लगानी वृद्धि भई लक्षित वर्ग लाभान्वीत भएको हुने। | • कार्यक्रमबाट लाभान्वीत सहभागीहरूको संख्या<br>• अनुगमन प्रतिवेदन<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ<br>• नगरपालिकाको वेभसाइट |
| १८ | लघु उद्योग विकासका माध्यमद्वारा महिला लगायत लक्षित वर्गको स्वरोजगार, वृद्धि गर्ने। | • लघु उद्योग विकासका शाखा<br>• रोजगार शाखा | • जिल्ला घरेलु उद्योग कार्यालय<br>• रोजगार सेवा केन्द्र<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रु २ (लाख/आन्तरिक वाह्य) | • लघु उद्योग विकासका माध्यमद्वारा महिला लगायत लक्षित. वर्गको सहभागितामा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन भएको हुनेछ। | • कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• सहभागीहरुको आर्थिक विकास |

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पुष्कर राज जोशी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | कृषि, घरेलु काम लगायतका अनौपचारिक क्षेत्रमा महिलाको समय बचत हुने किसिमका उपकरण, औजारहरूको प्रयोगलाई प्रोत्साहन गर्ने। | • नगर कार्यपालिका<br>• कृषि विकास शाखा | • कृषि ज्ञान केन्द्र<br>• गै.स.स.<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष प्रति वडा रु ३ लाख (आन्तरिक बाह्य) | • कृषि, घरेलु काम लगायतका अनौपचारिक क्षेत्रमा महिलाको समय बचत हुने किसिमका उपकरण, औजारहरूको वितरण भएको हुनेछ। | • कार्यक्रम [illegible] प्रतिवेदन।<br>• भरपाई। |

## ४. संरक्षण र निराकरण

नीतिः

- समाजमा विद्यमान हानीकारक प्रचलनहरु [बाल विवाह, लिङ्गमा आधारित पहिचान, शारीरिक एवं लैंगिक हिंसा (SGBV), अन्य समाजमा विद्यमान रुढिवादी विश्वासहरु] न्यूनीकरणका लागि सामाजिक व्यवहार कार्यनीति को निर्माण गरी कार्यान्वयन गर्ने।
- बालिका/किशोरी विकास कार्यक्रमलाई महत्वका साथ संस्थागत गर्ने।

उपर्युक्त नीतिका आधारमा देहायअनुसारका कार्यक्रम/क्रियाकलापहरू सिलसिलावद्ध रूपमा कार्यान्वयन गरिने छ।

| क सं | कार्यक्रम/क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोग | समय सीमा | बजेट आन्तरिक/वाह्य | मापनका सूचक | पुष्ट्याईंका आधारहरू |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय समुदायमा लैङ्गिक हिंसा निवारणका लागि रणनीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | • नगर कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | १ वर्ष | रु २ लाख (आन्तरिक/वाह्य) | • नगरपालिकामा लैङ्गिक हिंसा निवारण रणनीति तथा कार्ययोजना निर्माण भएको हुने। | • निर्माण भएको रणनीति/कार्ययोजना<br>• निर्णय पुस्तिका |
| २ | नगरपालिकामा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता कार्यान्वयनमा रहेको सन्दर्भमा स्थानीय तहमा अन्य सरोकारवालाहरूलाई पनि सो आचार संहिता पालनाको महत्व बारे प्रचारप्रसार गर्ने। | | | | | • स्थानीय तहका सरोकारवाला निकाय तथा संस्थाहरू समेतमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण आचार संहिता लागू भएको हुने। | • अन्य निकाय तथा संस्थाहरूको निर्माण भएको आचार संहिता<br>• निर्णय पुस्तिका |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय तहमा मानव बेचबिखन नियन्त्रणका लागि रणनीति तथा कार्ययोजना तर्जुमा गरी निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | • कार्यपालिका<br>• लैससास<br>कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास<br>कार्यान्वयन उप-समिति<br>• गैसस<br>• विकास साझेदार | १ बर्ष | रू १ लाख (आन्तरिक/बाह्य) | • नगरपालिकामा मानव बेचबिखन नियन्त्रण सम्बन्धी रणनीति तथा कार्ययोजना निर्माण भएको हुने। | • निर्माण भएको रणनीति/कार्ययोजना<br>• निर्णय पुस्तिका |
| ४ | मानव तस्करी विरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | | | निरन्तर | प्रति वडा प्रति वर्ष रू ५० हजार | • सबै वडाहरूमा मानव तस्करी विरूद्ध सचेतना कार्यक्रम आयोजना भई सो समस्याको रोकथाम भएको हुने। | • कार्यक्रममा सहभागीहरूको नामावली<br>• प्रगति प्रतिवेदन<br>• फोटो<br>• मिडिया रिपोर्टिङ<br>• प्रचार सामग्री |
| ५ | नगरपालिकालाई समुदाय-प्रहरी साझेदारी कार्यक्रमको प्रभावकारिताका साथै लैङ्गिक हिंसामुक्त, बाल विवाह मुक्त र छाउपडी मुक्त बनाउन टोल समुदायमा महिला, पुरुष, किशोरकिशोरी र युवायुवतीको सहभागितामा निगरानी समूह गठन र परिचालन गर्ने। | • महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा<br>• सामाजिक विकास शाखा | • नगर कार्यपालिका<br>• सबै विषयगत शाखा<br>• सबै वडाकार्यालंहरु<br>• गै स स<br>• टोल समुदाय<br>• विद्यालयहरु<br>• आमा समूह<br>• नगर बाल सञ्जाल<br>• महिला सञ्जाल<br>• युवा सञ्जाल | निरन्तर | प्रति वर्ष प्रति वडा रु १ लाख (आन्तरीक ५०% र बाह्य ५०%) | • नगरपालिकामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई लैङ्गिक हिंसामुक्त भएको हुने।<br>• नगरपालिका बाल विवाह मुक्त घोषणा भएको हुने।<br>• नगरपालिका छाउपडीजन्य विभेद मुक्त भएको हुने।<br>• टोल समुदायमा महिला, पुरुष, किशोरकिशोरी र युवायुवतीको सहभागितामा निगरानी | • नगरपालिकालाई लैङ्गिक हिंसामुक्त भएको प्रतिवेदन<br>• टोल समुदायमा निगरानी समूह गठन र परिचालनका निर्णयहरु<br>• कार्यक्रममा सहभागिहरुको उपस्थिति<br>कार्यक्रमको फोटो |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | समूह गठन र परिचालन भएको हुने। | |
| ६ | महिला, शान्ति तथा सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन कार्ययोजनाको स्थानीयकरण गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा<br>• न्यायिक समिति | • कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति लैससास कार्यान्वयन उप-समिति<br>• संघीय सरकार (गृह मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति वर्ष रू ५० हजार (आन्तरिक/वाह्य) | • गृह मन्त्रालयद्वारा महिला, शान्ति तथा सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० बारे तयार पारिएको दोश्रो कार्ययोजनाका स्थानीय तहसँग सम्बन्धित बुँदाहरू बारे सरोकारवालहरूलाई जानकारी भएको हुने। | • प्रगति प्रतिवेदन<br>• सहभागीहरूको नामावली |
| ७ | बाल मैत्री नगरपालिका घोषणा गर्ने बारे रणनीति बनाई प्रभावकारी रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उपसमिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | ५ वर्ष | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरि/वाह्य) | • नगरपालिकाका सबै वडाहरू बाल मैत्री वडा घोषणा भएको हुने। | • निर्णय पुस्तिका<br>• घोषणा सभा<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय जाने जाने विपन्न लगायत लक्षित वर्गका बालबालिकालाई विद्यालय पोशक र कापी कलमको लागि बजेटको व्यवस्था गर्ने। | • नगर कार्यपालिका<br>• योजन तथा अनुगमन शाखा | • सामाजिक विकास शाखा<br>• शिक्षा, युवा तथा खेलकुद शाखा | निरन्तर (प्रत्येक वर्षको असार मसान्तभित्र) | आवश्यता अनुसार (आन्तरिक/वाह्य) | • सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न तथा सीमान्तकृत समुदायका बालबालिका लाभान्वीत भएको हुने। | • लाभान्वीत बालबालिकाको संख्या<br>• विनियोजित बजेट<br>• नगरपालिकाको वेभसाइट<br>• मिडिया रिपोर्टिङ |
| ९ | नगरपालिकालाई बाल विवाह मुक्त बनाउन रणनीति बनाई निरन्तर रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | ५ वर्ष | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/वाह्य) | • नगरपालिकाका सबै वडाहरू बाल मैत्री वडा घोषणा भएको हुने। | • निर्णय पुस्तिका<br>• घोषणा सभा<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |
| १० | नगरपालिकामा छाउपडी प्रथा उन्मूलन घोषणा भई सकेको सन्दर्भमा टोल समुदायमा निगरानी समूहहरू गठन गरी प्रभावकारी रूपमा अनुगमन गर्ने व्यवस्था मिलाउने। | • महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | • विषयगत समितिहरू<br>• आमा समूह<br>• महिला [illegible]<br>[illegible] | ६ महिना | रू २ लाख ५० हजार (आन्तरिक/वाह्य) | • नगरपालिकामा छाउपडी प्रथा उन्मूलन घोषणा भई सकेको सन्दर्भमा टोल समुदायमा निगरानी समूहहरू गठन गरी | • निर्णयहरू<br>• अनुगमन प्रतिवेदन<br>• फोटोहरू<br>• छाउगोठ मुक्त भई सकेकेको |

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय गढी स्याला, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • सामाजिक परिचालकहरू | | | प्रभावकारी रूपमा अनुगमन भएको हुनेछ | |
| ११ | लिङ्गका आधारमा गरिने गर्भपतन नियन्त्रण गर्न सचेतनाका कार्यक्रमहरू गर्ने। | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• स्वास्थ्य शाखा | • नगर कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप-समिति<br>• जिल्ला अस्पताल<br>• सबै विषयगत शाखा<br>• महिला स्वयम् सेविका CPSW Coordinator<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | प्रति वडा प्रति वर्ष रु ५० हजार (आन्तरिक/बाह्य) | • नगरपालिकाका सबै वडाहरूमा लिङ्गका आधारमा गरिने गर्भपतन नियन्त्रणका लागि सचेतना अभिवृद्धि भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |
| १२ | छुवाछुत लगायत जातीय भेदभाव, समाजमा विद्यमान विभिन्न हानीकारक प्रचलनहरूलाई उन्मूलन गर्न हानीकारक अभ्यास उन्मूलन नीति, २०७८ निर्माण भएको सन्दर्भमा सो नीतिबारे सबै सरोकारवालाहरूलाई सचेत गराउने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• लैससास कार्यान्वयन उप समिति<br>• सबै विषयगत शाखा | निरन्तर | प्रति वडा प्रति वर्ष रू १ लाख (बाह्य/आन्तरिक) | • नगरपालिकाको सबै वडाहरूमा छुवाछुत लगायतका जातीय भेदभाव र हानीकारक अभ्यास विरूद्ध सचेतनाका कार्यक्रमहरू आयोजना भई क्रमश: निराकरण भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• फोटो<br>• मिडिया रिपोर्टिङ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | | | | |
| १३ | औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमद्वारा महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सचेतना अभिवृद्धि गर्ने। | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• स्वास्थ्य शाखा | • नगर कार्यपालिका<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | प्रति वडा प्रति वर्ष रु १ लाख (आन्तरिक/बाह्य) | • समुदायमा महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सबै नागरिकहरूमा सचेतना अभिवृद्धि भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| १४ | कार्यस्थलमा स्तनपान कक्ष, दिवा शिशु स्याहार केन्द्रमा थप सुविधाहरूको व्यवस्था गरी निरन्तर रूपमा सञ्चालन गर्ने। | • भौतिक पूर्वाधार विकास शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्पालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वर्ष रू ५० हजार (आन्तरिक/बाह्य) | • नगरपालिका कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुने। | • सुविधा सामग्री सहितको स्तनपान कक्ष |
| १५ | सदरमुकाम केन्द्रित नगरपालिका भएको सन्दर्भमा दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्ने। | | | | प्रति वर्ष रू ५ लाख (आन्तरिक/बाह्य) | • नगरपालिका क्षेत्रमा गैससको सहयोग र सहकार्यमा कामकाजी महिला तथा पुरुषहरूका निम्ति सहज हुने गरी दिवा शिशु स्याहार केन्द्र सञ्चालन भएको हुने। | • दिवा शिशु स्याहार केन्द्र<br>• करार सम्झौता<br>• सेवा प्राप्त गर्ने अभिभावक तथा बालबालिका |
| १६ | सामुदायिक विद्यालयहरूमा आवश्यकता अनुसार निःशुल्क | • शिक्षा युवा तथा खेलकुद शाखा | • महिला, बालबालिका तथा | निरन्तर | आवश्यकता अनुसार | • महिनावारी हुने उमेरका सबै छात्रा तथा महिला | • खर्चको फाँटवारी<br>• प्रगति प्रतिवेदन |

पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्यानेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिने। | • स्वास्थ्य शाखा | ज्येष्ठ नागरिक शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस<br>• विकास साझेदार | | | छिमकले निःशुल्क स्यानेटरी प्याड प्राप्त गरेको हुने। | |
| १७ | एच आई भी/एड्स रोकथामका लागि व्यापक जनचेतना अभिबृद्धि गर्नुका साथै प्रभावितहरू विरुद्ध गरिने भेदभावलाई हटाउन सचेतीकरण गर्ने। | • स्वास्थ्य शाखा | • सबै विषयगत शाखा<br>• सबै वडा कार्यालय<br>• गैसस | निरन्तर | रु ३ लाख (आन्तरिक/वाह्य) | • एच आई भी/एड्स रोकथामका लागि व्यापक जनचेतना अभिबृद्धि गर्नुका साथै प्रभावितहरू विरुद्ध गरिने भेदभावलाई हटाउन सचेतीकरण भएको हुने। | • कार्यक्रमको प्रतिवेदन<br>• फोटोहरू<br>• नगरपालिकाको वेभसाइट |
| १८ | स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भइसकेको सन्दर्भमा कोष वृद्धिका लागि प्रयास गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• आर्थिक प्रशासन शाखा<br>• संघीय सरकार (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | आवश्यकता अनुसार | • स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोषमा रकम वृद्धि भएको हुने। | • निर्णय पुस्तिका<br>• प्रगति प्रतिवेदन |
| १९ | लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि अनुसार पीडित/प्रभावितलाई निरन्तर रूपमा सहयोग पुर्‍याउने। | | | | आवश्यकता अनुसार | • लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि अनुसार लैङ्गिक हिंसाका पीडित/प्रभावितलाई सहयोग पुर्‍याइएको हुने। | • निर्णय पुस्तिका<br>• सेवा प्राप्त गर्ने प्रभावितको संख्या |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | लैङ्गिक हिसाका पीडित/प्रभावितको हेरचाह तथा संरक्षणका लागि सेवा केन्द्र सञ्चालन गर्ने। | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• संघीय सरकार (महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)<br>• प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | आवश्यकता अनुसार | • सेवा केन्द्र व्यवस्थापन समितिको बैठकको निर्णय | • निर्णय पुस्तिका<br>• सेवा केन्द्रबाट सेवा प्राप्त गर्ने प्रभावितको संख्या<br>• सेवा केन्द्रको प्रतिवेदन |
| २१ | एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरणमा सहयोग पुर्याउने साथै मामिला व्यवस्थापक परिचालन गर्ने | • स्वास्थ्य शाखा<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • नगर कार्यपालिका<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति<br>• संघीय सरकार (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | रु ८ लाख (आन्तरिक/बाह्य) | • एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरण भएको हुने। | • प्रगति प्रतिवेदन |
| २२ | लैङ्गिक हिंसा, मानव वेचविखन, मानव तस्करीवाट पीडित/प्रभावितहरूका निम्ति | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • न्यायिक समिति<br>• गैसस<br>• विकास साझेदार | निरन्तर | प्रति वडा प्रति वर्ष रु ५० | • समुदायमा पीडित/प्रभावितहरूले | • मनोविमर्श सेवा प्राप्त गर्ने लाभान्वीतको संख्या |

पुष्कर राज जोशी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मनोविमर्श सेवा निरन्तर रूपमा प्रदान गर्ने। | • स्वास्थ्य शाखा | | | हजार (आन्तरिक/बाह्य) | मनोविमर्श सेवा प्राप्त गरी लाभान्वीत भएको हुने। | • अनुगमन/प्रगति प्रतिवेदन |
| २३ | बैदेशिक रोजगार तथा श्रम आप्रवासनमा जान चाहनेहरूका लागि सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा सचेतना सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने। | • रोजगार सेवा केन्द्र | • नगर कार्यपालिका<br>• सबै विषयगत शाखा<br>• गैसस<br>• विकास साझेदार<br>• स्थानीय मिडिया | निरन्तर | आवश्यकता अनुसार | • समुदायमा सुरक्षित वैदेशिक रोजगार बारे सूचना प्रवाह भई नागरिकहरू सचेत भएको हुने। | • सूचना तथा शिक्षा सामग्री<br>• कार्यक्रममा सहभागीहरूको उपस्थिति<br>• नगरपालिकाको वेभसाइट<br>• कार्यक्रमको फोटो<br>• मिडिया रिपोर्टिङ |
| २४ | लैङ्गिक हिंसा विरुद्ध समुदायमा मनोसामाजिक कार्यकर्ताहरू (CPSW र CPSW Coordinator) निरन्तरता र परिचालनका माध्यमबाट प्रभावकारी रूपमा सम्बोधन गर्ने। | • नगर कार्यपालिका<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | • सबै विषयगत शाखा<br>• स्वास्थ्य शाखा | निरन्तर | रु १२ लाख (आन्तरिक/बाह्य) | • लैङ्गिक हिंसा विरुद्ध समुदायमा मनोविमर्श कार्यकर्ताहरू परिचालन गरी सम्बोधन भएको हुने। | • निर्णयहरु पुस्तिका<br>• प्रतिवेदन<br>• फोटोहरु |

पुष्कर राज जोशी
नगर प्रमुख